आज मिति २०७९ साल माघ २६ गते यस मष्टा गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर कठायत ज्यू को अध्यक्षतामा तपसिल बमोजिम को उपस्थितिमा गाउँ कार्यपालिका को बैठक बसी निम्न निर्णयहरु गरियो ।

उपस्थिति

१. अध्यक्ष श्री कर्ण बहादुर कठायत
२. उपाध्यक्ष श्री भगवती कुमारी बोहरा
३. १ नं. वडा अध्यक्ष श्री राजेन्द्र ब. खड्का
४. २ नं. ,, ,, श्री शेर ब. खड्का
५. ३ नं. ,, ,, श्री टेक ब. कठायत
६. ४ नं. ,, ,, श्री प्रयागराज उपाध्याय
७. ५ नं. ,, ,, श्री कुम्मान आग्री
८. ६ नं. ,, ,, श्री गोरख ब. बोहरा
९. ७ नं. ,, ,, श्री बम ब. बोहरा
१०. गा. का. स. श्री बिजुली बहादुर ओरखेडा
११. ,, ,, श्री गिता बोहरा
१२. ,, ,, श्री गोपाल आग्री
१३. ,, ,, श्री कलुदेवी खड्का
१४. ,, ,, श्री रामकला कठायत
१५. ,, ,, श्री हिउकला दमाई
१६. सदस्य सचिव श्री अम्मरराज जोशी

आमन्त्रित
१. प्रा. स. श्री डंगलाल सार्की
२. लेखापाल श्री श्याम थापा
३. खरिदार श्री हेमन्तराज जोशी
४. कृ. स. श्री गोरख ब. बोहरा
५. स्वा. शा. प्र. श्री लोकेन्द्र ब. खड्का
६. पशुसेवा शा. प्र. श्री शंकर कामी

प्रस्तावहरु

१. सवारी साधन खरिद सम्बन्धमा ।
२. कर्मचारि जिम्मेवारी अनुमोदन सम्बन्धमा ।
३. करार नियुक्ती सम्बन्धमा ।
४. प्र. अ. बैठकको खाजा खर्च सम्बन्धमा
५. तिजको कार्यक्रमका लागि खर्च सम्बन्धमा ।
६. अस्थायी कर्मचारीलाई मंहगी र स्थानीय भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

७. इन्द्रजात्रा व्यवस्थापन खर्च सम्बन्धमा ।
८. रोड सरसफाई सम्बन्धमा ।
९. शिक्षा समिति गठन सम्बन्धमा ।
१०. जनप्रतिनिधिको पोशाक सम्बन्धमा ।
११. रोड सर्भे सम्बन्धमा १२. सल्लाहकार सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा यस मध्य गाउँपालिकाको आ.व. २०७५।०७६ ~~मा~~ सवारी साधन खरिद मा विनियोजन भएको रकमबाट यस गाउँपालिकाको लागि बन्द बोडी फोर ह्वील को गाडी खरिद गर्ने र बाँकी हुन आउने रकमले मोटर साइकल खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा यस मध्य गाउँपालिकाको कर्मचारीको स्टाफ मिटिङबाट मिति २०७५।५।२४ गते कर्मचारीको कामकाज सम्बन्धी तोकिएको जिम्मेवारीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको साझेदारी ग्रामिण जलस्रोत परियोजनाको साझेदारीमा मिति २०७४।४।११ देखि स्थानीय स्रोत व्यक्तिको कामकाज गर्दै आउनु भएका मध्य गाउँपालिका वडा नं. ३ बस्ने श्री ईश्वर क. खड्कालाई मासिक रु. १५,०००।- (पन्ध्र हजार मात्र) पाउने गरी मिति २०७५।४।१ देखि लागु हुने गरी कृषि प्राविधिक पदमा करार नियुक्ति दिने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस मध्य गाउँपालिका अन्तर्गत रहेका प्र. अ. हरुबाट प्र. अ. बैठकका लागि आवश्यक चिया खाजा खर्चको माग भई आरबोमा अधिकतम वर्षमा ४ (चार) वटा बैठकका सो प्रति प्र. अ. प्रति बैठकको रु. ५०० (पाँच सय) चिया खाजा खर्च गाउँपालिकाको आ.व. २०७५।०७६ मा विनियोजन भएको भैपरी आउने खर्च शिर्षकबाट रु. ६८,०००।- (अठसठ्ठी हजार) उपलब्ध गराइने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. १ देखि ~~६~~ सम्मकै महिला हरूबाट हरितालिका तिज कार्यक्रम मनाउन आवश्यक रकम माग भएकोले, गाउँपालिकाको महिला सशक्तिकरणको बजेट शिर्षकबाट खर्च हुने गरी प्रति वडा रु. २०,०००/- (बीस हजार) को दरले भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस मष्टा गाउँपालिकामा कार्यरत तपसिल बमोजिमका ~~कर्म~~ अस्थायी कर्मचारीहरूलाई स्थानीय र महंगी भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि. नं. | नामथर | पद |
|---|---|---|
| १. | गोरख बि.क. | का.स. |
| २. | वर्ने खड्का | 〃 |
| ३. | ~~किष्यबिर डाल~~ | 〃 |

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस मष्टा गाउँपालिका वडा नं. ३ मा अवस्थित ढडार मष्टा मन्दिर मेला व्यवस्थापनका लागि आवश्यक आर्थिक सहयोग को माग भई आएकोमा यस मष्टा गाउँपालिका वडा नं. ३ र ४ बाट मेला व्यवस्थापन गर्ने गरी आ.व. २०७५/०७६ को भैपरी शिर्षकबाट खर्च हुने गरी रु. ३०००००/- (तीन लाख) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस मष्टा गाउँपालिकामा सरसफाइ सप्ताह सफल गर्न यस गाउँ पालिका भित्रका सम्पूर्ण घर, सार्वजनिक स्थल, मठ मन्दिर ~~सरफाइ~~ सरसफाई गर्न जनप्रतिनिधि, कर्मचारी, र आम नागरिकलाई जानकारी गराई मिति २०७५ माघ ३० सम्म सरसफाई गरी सरसफाई सप्ताह सफल गर्ने निर्णय गरियो ।

निर्णय नं ९: प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ शिक्षा समितिको जाने थप छलफल र परामर्श गरी अर्को कार्यपालिकाको बैठकबाट गठन गर्ने निर्णय गरियो।

निर्णय नं. १०: प्रस्ताव नं १० माथि छलफल गर्दा यस सबै गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरूलाई गाउँपालिकाको आ.व. २०७५।०७६ को विनियोजन ऐनको (बजेट शिर्षक नं. २११४२) पदाधिकारी अन्य सुविधाबाट खर्च हुने गरी रु. १०,०००/- (दश हजार) पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ११: प्रस्ताव नं ११ माथि छलफल गर्दा यस गाउँपालिकाको सडक ट्र्याक खण्ड नारखोलिरको स्थानमा मिति २०७५।६।२ गते देखि सडक ट्र्याक खोल्न सडकको स्टमेट कार्य अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं १२: प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गाउँपालिकाको अध्यक्षको सल्लाह र परामर्शका लागि गाउँपालिकाको विनियोजित बजेट शिर्षक करार सेवा शुल्कबाट मासिक रु. २०,००० (बीस हजार) पाउने गरी १ (एक) जना सल्लाहकार नियुक्त गर्ने निर्णय गरियो।